आज मिति **२०८१ माघ ३** गते बिहिबारका दिन यस लिखुपिके गाउँपालिकाको अध्यक्ष श्री मिना कार्की (बस्नेत)को अध्यक्षतामा तपशील वमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८१/०८२ को **दशौं** गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णय गरियो:

उपस्थिति

क्र.सं.	नाम थर	पद	हस्ताक्षर
१.	श्री मिना कार्की (बस्नेत)	अध्यक्ष	
२.	श्री ङ्वाङ ल्हाक्पा शेर्पा	उपाध्यक्ष	
३.	श्री मिङ्मार गेल्जे शेर्पा	१ नं. वडा अध्यक्ष	
४.	श्री मणिराजा बस्नेत	२ नं. वडा अध्यक्ष	
५.	श्री धुवबहादुर बस्नेत	३ नं. वडा अध्यक्ष	
६.	श्री हिक्मतबहादुर बस्नेत	४ नं. वडा अध्यक्ष	
७.	श्री डिमाछिरि लामा	५ नं. वडा अध्यक्ष	
८.	श्री सोममाया श्रेष्ठ	कार्यपालिका सदस्य	
९.	श्री शोभादेवी लामिछाने	कार्यपालिका सदस्य	शोभा
१०.	श्री सविता वि.क.	कार्यपालिका सदस्य	
११.	श्री चित्रमाया बराईली	कार्यपालिका सदस्य	चित्र
१२.	श्री निरकुमार वि.क.	कार्यपालिका सदस्य	
१३.	श्री मानबहादुर भुजेल	कार्यपालिका सदस्य	मान
१४.	श्री काजीमान राई	सचिव	

वर. श्री रेख ब० राई, लेखापाल

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय समीक्षा सम्बन्धमा।
२. अर्धवार्षिक समीक्षा सम्बन्धमा।
३. करारम्याद थप सम्बन्धमा
४. सडक यातायात गुरु योजनाको अन्तिम भुक्तानी सम्बन्धमा।
५. फोटरमैला व्यवस्थापन योजनाको भुक्तानी सम्बन्धमा।
६. क्षमता विकास योजनाको अन्तिम भुक्तानी सम्बन्धमा।
७. IEE को अन्तिम भुक्तानी सम्बन्धमा।
८. पिके पिकको अन्तिम भुक्तानी सम्बन्धमा
९. साझेदारी रकम भुक्तानी सम्बन्धमा
१०. लिजाको प्रातःकाल प्रमाणीकरण सम्बन्धमा।
११. बजेट संशोधन सम्बन्धमा
१२. आर्थिक सहायता सम्बन्धमा
१३. अभिमुखीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा
१४. बजेट संशोधन सम्बन्धमा
१५. अनुदान रकम सम्बन्धमा
१६. टेक्का प्रक्रिया अगाडी बढाउने सम्बन्धमा

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८१ माघ ४ गते बसेको नवौं कार्यपालिका बैठकमार्फत् भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन् भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी रहेको निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा यस गाउँपालिको तेरौं गाउँसभामार्फत् स्वीकृत भएका योजना तथा कार्यक्रमहरु हालसम्म के कति कार्यान्वयन भए ? कार्यान्वयन नभएका योजनाहरु कहिलेसम्म कार्यान्वयन गर्न सकिन्छ ? भन्ने सम्वन्धमा तपशीलको मिति समय र स्थानमा अर्धवार्षिक समीक्षा गर्ने निर्णय गरियो-

मिति, समय र स्थान

मिति : २०८१ **माघ १५** गते
समय : विहान १०:०० वजे
स्थान : गाउँपालिकाको सभाहल

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत दरवन्दीमा करार सेवामा नियुक्ति लिई २०८१ श्रावण मसान्तपश्चात् यस गाउँपालिकाअन्तर्गतका वडा कार्यालय, स्वस्थ्य चौकी, विषयगत शाखा तथा गाउँपालिका मातहत कार्यरत रहेका सम्पूर्ण कर्मचारीहरुको मिति २०८१ माघ १ गतेदेखि लागू हुने गरी मिति २०८२ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभावाट चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको सडक यातायात गुरु योजना तयार गर्नका लागि वजेट तथा कार्यक्रम स्वीकृत भएको । सो कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि यस गाउँपालिकाको कार्यपालिका वैठकमा प्रारम्भिक र मस्यौदा प्रतिवेदन उप छलफल भई सकेको । छलफलका क्रममा दिइएका सुझावसहित २ प्रति अन्तिम प्रतिवेदन कार्यालया पेश गरेको हुनाले सो प्रतिवेदनलाई स्वीकृत गरी सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभावाट चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको फोहरमैला व्यवस्थापन योजना तयार गर्नका लागि वजेट तथा कार्यक्रम स्वीकृत भएको । सो कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि यस गाउँपालिकाको कार्यपालिका वैठकमा प्रारम्भिक र मस्यौदा प्रतिवेदन उप छलफल भई सकेको । छलफलका क्रममा दिइएका सुझावसहित २ प्रति अन्तिम प्रतिवेदन कार्यालया पेश गरेको हुनाले सो प्रतिवेदनलाई स्वीकृत गरी सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभावाट चालू आ.व. २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको क्षमता विकास योजना तयार गर्नका लागि वजेट तथा कार्यक्रम स्वीकृत भएको । सो कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि यस गाउँपालिकाको कार्यपालिका वैठकमा प्रारम्भिक र मस्यौदा प्रतिवेदन उप छलफल भई सकेको । छलफलका क्रममा दिइएका सुझावसहित २ प्रति अन्तिम प्रतिवेदन कार्यालया पेश गरेको हुनाले सो प्रतिवेदनलाई स्वीकृत गरी सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको वडा नम्बर १ स्थित सापे-वुके-पोम्दोक चिल्ड्रेन पार्क विस्तृत परियोजना प्रतिवेदनअनुसार निर्माण गर्न लागि श्री डिजाइन एसोसिएट्स नेपाल प्रा.लि., वनस्थली, काठमाडौंसँग प्रारम्भिक वातावरणीय परिक्षण गर्न सम्झौता गरी कार्यादेश दिइएको । कार्यादेश अनुसार परामर्शदाता संस्थाले सम्पूर्ण कार्य सम्पन्न गरी प्रतिवेदन पेश गरेको हुँदा सो प्रतिवेदन स्वीकृत गरी सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभाबाट चालू आ.व २०८१/०८२ का लागि स्वीकृत कार्यक्रमअनुसार यस गाउँपालिकाको **पिके पिकको पर्यटन प्रवर्द्धन गर्नका लागि गुरु योजना तयार** गर्नका लागि बजेट तथा कार्यक्रम स्वीकृत भएको । सो कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि यस गाउँपालिकाको कार्यपालिका बैठकमा प्रारम्भिक र मस्यौदा प्रतिवेदन उप छलफल भई सकेको । छलफलका क्रममा दिइएका सुझावसहित २ प्रति अन्तिम प्रतिवेदन कार्यालया पेश गरेको हुनाले सो प्रतिवेदनलाई स्वीकृत गरी सम्झौताअनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा यस गाउँपालिकाको पाँच वर्षे स्थानीय तह शिक्षा क्षेत्र योजना निर्माण गर्नका लागि यस गाउँपालिका र ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्रबीच गाउँपालिकाबाट रु. १३२,३००। लागत साझेदारी उपलब्ध गराउने गरी मिति २०७९ फागुन २६ गते सम्झौता भए बमोजिम ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्रलाई रु. १३२,३००। गतसालको मौज्दातबाट भुक्तानी दिने निर्णय गरियो ।

१०. प्रस्ताव नम्बर १० उपर छलफल गर्दा यस गाउँपालिका तथा मातहतका विषयगत शाखा र वडा कार्यालयमार्फत् मिति २०८० माघ १ गतेदेखित २०८१ पौष मसान्तसम्म सम्पादन गरेका कार्यहरुका आधारमा स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको सूचकको कूल १०० अंकमा तपशील बमोजिमको १० वटा विषय क्षेत्रमा **कूल ८५.७५** अंक प्राप्त गरेको हुँदा सो अंकलाई नै अनुमोदन गर्ने निर्णय गरियो साथै प्राप्त भएको नतिजालाई गाउँपालिकाको वेभसाइट र सूचना पाटीमार्फत् सार्वजनिकीकरण गर्ने निर्णय गरियो-

तपशील

क्र.सं.	मूल्याङ्कनका विषय/क्षेत्रहरु	कूल अङ्क	प्राप्ताङ्क
१	शासकीय प्रवन्ध	९	९
२	सङ्गठन तथा प्रशासन	८	६.५०
३	वार्षिक बजेट तथा योजना व्यवस्थापन	११	१०
४	वित्तीय एवम् आर्थिक व्यवस्थापन	११	९.२५
५	सेवा प्रवाह	१६	१३.५०
६	न्यायिक कार्य सम्पादन	७	७
७	भौतिक पूर्वाधार	१३	११.२५
८	सामाजिक समावेशीकरण	१०	७
९	वातावरण संरक्षण तथा विपद व्यवस्थापन	९	६.५०
१०	सहकार्य र समन्वय	६	५.७५
	कूल जम्मा	**१००**	**८५.७५**

११. प्रस्ताव नम्बर ११ उपर छलफल गर्दा चालू आ.व. २०८१/०८२ का लागि कृषी विकास शाखामार्फत् कार्यक्रम सञ्चालन हुने गरी ***बिषादी Trap (जुनार, सन्तलामा लाग्ने फल कुहाउने औसा, केराको गवारो) खरिद*** शीर्षकमा रु. २००,०००। बजेट विनियोजन भएकोमा हालसम्म उक्त कार्यक्रम सञ्चालन गर्न आवश्यक नदेखिएको हुनाले कृषकहरुका मागका आधारमा **झोल मल तथा जैविक विषाधीसम्बन्धी प्रत्येक वडामा १/१ दिनको तालिम** सञ्चालन गर्नका शीर्षक परिवर्तन गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नम्बर १२ उपर छलफल गर्दा यस गाउँपालिकाका विभिन्न वडामार्फत् प्राप्त आर्थिक सहायतासम्बन्धी निवेदनका सम्बन्धमा छलफल गर्दा विविध खर्च शीर्षकबाट तपशील बमोजिमको आर्थिक सहायता भुक्तानी दिने निर्णय गरियो-

तपशील

(क) सरस्वती बस्नेत, लिखुपिके-५ लाई रु. २०,०००।

(ख) निर्जला बस्नेत, लिखुपिके-२ लाई रु. २०,०००।

१३. प्रस्ताव नम्बर १३ उपर छलफल गर्दा यस गाउँपालिकाभित्रका कृषकहरुको मागका आधारमा प्रत्येक वडामा रहेका कृषकहरुलाई कृषी उत्पादनसम्बन्धी १/१ दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नका लागि गतसालको मौज्दात रकमबाट रु. ५०,०००।- बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नम्बर १४ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभामार्फत् वडा नम्बर ४ मा गाउँपालिकास्तरीय बजेटकाट **डुँडाटार सडक सोलिड** शीर्षकमा रु. २५०,०००। बजेट बिनियोजन भएकोमा सो शीर्षकलाई परिवर्तन गरी **डुँडाटार सडक घट्टेखोला मोड वाल निर्माण** शीर्षकमा परिवर्तन गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नम्बर १५ उपर छलफल गर्दा यस गाउँपालिकाको तेरौं गाउँसभामार्फत् ५ नम्बर वडा शिलिङ मार्फत् चन्द्रज्योती मा.वि. होस्टेल व्यवस्थापन शीर्षकमा रु. ३००,०००। बजेट बिनियोजन भएको । विद्यालय व्यवस्थापन समितिको निर्णयलाई आधार मानेर विद्यालयमार्फत् विद्यालयको खातामा नै अनुदान निकाशा माग गरेको हुँदाप्रचलित कानुनको परिधिभित्र रहेर विद्यालयमार्फत् नै खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गर्ने गराउने गरी अनुदान निकाशा दिने निर्णय गरियो ।

१६. प्रस्ताव नम्बर १६ उपर छलफल गर्दाचालू आ.व. २०८१/०८२ का लागि शसर्त अनुदानअन्तर्गत लिखुखोलादेखी लाममाने सडक स्तर उन्नती, वडा नम्बर ३ देखि वडा नम्बर १ सम्म रु १ करोड बजेट प्राप्त भएको । सो बजेटलाई ५० प्रतिशत थप गरी ठेक्क बन्दोवस्त गर्दा रु. ९० लाख बजेट बचत भएको हुनाले सो बजेटबाट सोही सडक खण्डअन्तर्गत पर्ने **वडा नम्बर १ को सिमानादेखि गुम्बा किपरुङसम्मको** ठेक्का पुनः बन्दोबस्त गर्ने निर्णय गरियो ।

१७ प्रस्ताव नम्बर १७ उपर छलफल गर्दा चालू आ.व. २०८१/०८२ का लागि यस गाउँपालिकाको चौधौं गाउँसभाबाट **दलितको पुर्ख्यौली पेशा आधुनिकीकरण गर्ने सामान खरिद** शीर्षकमा रु. ३००,०००। बजेट विनियोजन गरिएकोमा लक्षित वर्गको जनसङ्ख्या अनुमान गरेभन्दा बढी रहेको हुँदा लक्षित वर्गका आधारमा कार्यक्रम सञ्चालन गर्नका लागि बजेट अपुग हुन गएको हुँदा उक्त **दलितको पुर्ख्यौली पेशा आधुनिकीकरण गर्ने सामान खरिद** शीर्षकमा गतसालको मौज्दात रकमबाट रु. २००,०००। थप गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१८ प्रस्ताव नम्बर १८ उपर छलफल गर्दा यस गाउँपालिकाअन्तर्गत रहेको चौलाखर्क स्वस्थ्य चौकीको स्वीकृत दरबन्दीमा कार्यरत अ.न.मी. पदको पार्वती कटवालले दिएको राजिनामा कार्यालयबाट स्वीकृत भइसकेको हुँदा उक्त रिक्त दरबन्दीमा करार सेवाका माध्यमबाट पदपूर्ती गर्नका लागि १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

१९ प्रस्ताव नम्बर १९ उपर छलफल गर्दा यस गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि स्थानीय जग्गादाताबाट करिब २२ रोपनी जग्गा निशुल्क रुपमा प्राप्त भइ सकेको हुँदा सो स्थानमा भवन निर्माणका लागि कार्यालयमा सूचीकृत परामर्शदाता संस्था **श्री आकार डिजाइनर्स एण्ड डेभलपर्स प्रा.लि., काठमाडौमार्फत्** गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि रु. **१०,८६,०२,५७८.९७** (दश करोड छयासी लाख दुई हजार पाँचसय अठहत्तर रुपैया सन्तानब्बे पैसामात्र) ***(मू.अ.कर, कन्टेन्जेन्सी, फिजिकल कन्टेन्जेन्सी, प्राइस इस्कालेशन, र प्रोभिजनल समसहति)*** को लागत अनुमान तयार भएको । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ (ग) मा भएको व्यवस्था वमोजिम सो लागत अनुमानलाई स्वीकृत गरी प्रचलित कानुनको अधिनमा रही ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२० प्रस्ताव नम्बर २० उपर छलफल गर्दा चालू आ.व. २०८१/०८२ का लागि यस गाउँपालिकाको तरौं गाउँसभाबाट सूचना तथा सञ्चार शीर्षकमा विनियोजित बजेट रु. ३००,०००। बाट यस गाउँपालिकाको विकास निर्माणलगायतका गतिविधिलाई समेटेर श्रव्य दृष्य कार्यक्रम सञ्चालन गर्नका लागि कार्यालयमा सूचीकृत सञ्चार गृहमार्फत् प्रास्तावना माग गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।